# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : फेब्रुअरी २०२५ वर्ष :४ अकं : २

**फेब्रुअरी २०२५ मा सम्पन्न भएका गतिविधिहरु:**

## १.बालबालिकाको नेतृत्वमा तयार गरिने विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चौथो चक्र प्रतिवेदन सम्बन्धि नागरीक समाज र विकासका साझेदार संस्थाबिच तयारी बैठक सम्पन्न :



६ फेब्रुअरी २०२५ : बाल सहभागिताको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल) को सहजीकरणमा बालबालिकाको नेतृत्वमा तयार भएको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चौथो चक्र प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको समिति (ओएचसीएचआर) मा बुझाउने भएको छ ।

उक्त प्रकृयाको लागि ६ फेब्रुअरीमा नागरीक समाज र विकासका साझेदार संस्थासँगको तयारी बैठक सम्पन्न गरिएको छ । बैठकमा १३ जना सहभागिको उपस्थिति रहेको थियो । बैठकमा सहभागिहरुले पछाडि पारिएका बालबालिकाका सवाललाई प्रतिवेदनमा प्राथमिकताका साथ उठाउनुपर्नेमा जोड दिएका थिए ।

यूपीआर प्रतिवेदन संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले प्रत्येक पाँच वर्षको अन्तरालमा आफ्नो देशको समग्र मानवअधिकारको अवस्थाहरूलाई समेटेर पठाउनुपर्छ । नेपाल अहिले चौथो चक्रमा छ ।

## २. बागमती प्रदेश अन्तर्गतका विभिन्न निकायमा कन्सोर्टियम नेपालको ध्यानाकर्षण पत्र हस्तान्तरण :



२० फेब्रुअरी २०२५: कन्सोर्टियम नेपालको सहजीकरणमा बागमती प्रदेश अन्तर्गत नागरिक समाजका प्रतिनिधि र मिडियाकर्मीवीचको बैठक आयोजना गरि बाल सहभागिताको अधिकार एवं समग्र बालअधिकार सुनिश्चित गर्नकालागी विभिन्न सरकारी निकायमा ध्यानाकर्षण पत्र हस्तान्तरण सहित छलफल सम्पन्न गरिएको छ ।



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

छलफलमा कन्सोर्टियम नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल, कन्सोर्टियम नेपालको सदस्य संस्थाको प्रतिनिधिको उपस्थिति रहेको थियो ।



बाल सहभागिता सम्बन्धी कार्यविधिको निर्माण, योजना निर्माण प्रक्रियामा बाल सभागिताको सुनिश्चितता, प्रदेश र स्थानीय तहमा बाल अधिकार सम्बन्धी संरचनाको निर्माण र सो को कार्यान्वयन लगाएतको १६ बुदे माग बागमती प्रदेश अन्तर्गत स्वास्थ्य मन्त्रालय, उद्योग, वाणिज्य, भुमी तथा प्रशासन मन्त्रालय, प्रदेश प्रमुख सचिवको कार्यालय र सामाजिक विकास मन्त्रालय माफ पेश गरिएको हो ।

### ३. मुख्य सत्र अघिको बैठक (Pre-session working group meeting) को विषयमा छलफल सम्पन्न:

२३ फेब्रुअरी २०२५ : कन्सोर्टियम नेपालको सहजीकरण तथा बाल बालबालिकाको नेतृत्वमा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा प्रतिवेदन पेश गरेको थियो । उक्त प्रीतिवेदन सन् २०२३ मा बुझाईएको थियो ।

यसै सन्दर्भमा, संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिले यहि मे २०२५ को लागि नेपालको सामाजिक संस्था र बालबालिकाहरूका प्रतिनिधिहरूसँग छलफल गर्ने योजना बनाएको छ । बाल अधिकार समितिले प्रतिवेदनमाथि विस्तृत छलफल गर्नु अगाडि सामाजिक संस्था र बालबालिकाहरूका प्रतिनिधिहरूसँग छलफल गर्ने गर्दछ । यस्तो छलफलमा सरकारका प्रतिनिधिहरूलाई भने सहभागी गराइएको हुदैन ।



यहि विषयलाई जोडेर कन्सोर्टियम नेपालले छलफल आयोजना गरेको छ । छलफलमा संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिका उपाध्यक्ष डा. रिन्चेन छोपेलले मुख्य सत्र अघिको बैठकका विषयमा आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो । छलफललाई जोड्दै वहाँले मुख्य सत्र अघिको बैठकको समय सिमा, यसको प्रकृया अदि विषयमा भनाईहरु राख्नुभयो । बैठकमा १२ जनाको उपस्थिति रहेको थियो ।

### ४ सिकाईमा विद्यार्थीको सक्रियताः



१७ फेब्ररी २०२५ : काठमाडौ स्थित पर्ल स्कुलका विद्यार्थीले कन्सोर्टियम नेपाल भ्रमण गरेका छन् । बाल सहभागिताको विषयमा अध्ययनका लागि पर्ल स्कुलका १० जना विद्यार्थीले कन्सोर्टियम भ्रमण गरेका हुन् । अध्ययनका क्रममा कन्सोर्टियम नेपालका कार्यक्रम संयोजक गौरब के.सीले संविधानदेखि बालबालिकाको अर्थपूर्ण सहभागितालाई उठान गरेको कुरालाई जोड्दै बालबालिका सम्बन्धि ऐनमा बाल सहभागिता, स्थानीय स्तरमा बाल भेलाको आयोजना, बालबालिकासँग सम्बन्धित समितिहरुको गठन लगाएत बाल सहभागिताको असल अभ्याषहरुलाई प्रस्तुत गरेका थिए ।

प्रस्तुति पश्चात बालबालिकाले आउने दिनमा बाल सहभागिताको विषयलाई आफ्नो बालक्लवको एजेन्डा बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

### सदस्य संस्थाद्वारा संचालित गतिविधिहरु



१. गण्डकी प्रदेश स्थित चिल्ड्रेन नेपालले बालक्लबहरुसँग विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको छ । उक्त कृयाकलापमध्य महिनावारी सचेतना तथा सेनीटरी प्याकेज बितरण कार्यक्रम, बालिका तथा किशोरीहरुको सम्मानित जिवन यापनका लागि स्वास्थ्य अधिकार सम्बन्धि सचेतनामुलक कार्यक्रम, बालबालिकाहरु प्रति अभिभावक तथा बालबालिकाहरुको भुमिका विषयक छलफल, बालबालिकाहरुका लागि जीवन उपयोगी सिप तालिम, दिवस मनाउने आदि कार्यक्रम सम्पन्न गरेको छ ।

### आम सञ्चार माध्यममा कन्सोर्टियम नेपाल



saheekhabar.com

प्रदेशका विभिन्न निकायमा कन्सोर्टियम नेपालको ध्यानाकर्षण - सहीखबर




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं

०१–४७९१३२४

participation.consortium@gmail.com,

Fb: Consortium Nepal

## कन्सोर्टियम नेपालले फेब्रुअरी २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप, २०८१ कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय परामर्श कार्यक्रम | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको |
| २. | स्थानीय तहका लागि इच्छुक परिवारसम्बन्धी निर्देशिका निमार्ण सम्बन्धी परामर्श | हिमालि नविन समाज |


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal